# आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्य

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खड्चौली, डोटी
७ नंप्रदेश, नेपाल

बडीकेदार गाउँपालिका

# बडीकेदार गाउँपालिकाका उपाध्यक्ष श्री ईन्द्रा बोहोरा भाट द्वारा प्रस्तूत आर्थिक वर्ष २०७५/०७६ को वजेट बक्तव्य

यस बडीकेदार गाउँपालिकाको सम्मानीत गरिमामय दोस्रो गाउँसभाका सभाध्यक्ष ज्यू, गाउँसभाका सचिवज्यू, यस सभामा उपस्थित ५ वटै वडाहरूका वडाध्यक्ष ज्यूहरू, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरू, गाउँसभाका सदस्य ज्यूहरू, यस गाउँपालिकामा कार्यरत बिषयगत शाखाका प्रमुख एवं अन्य कर्मचारीहरू, उपस्थित अन्य राष्ट्रसेवकहरु, पत्रकारहरू लगायत सम्पूर्ण दाजुभाइ तथा दीदीबहीनीहरुमा बडीकेदार गाउँपालिकाको तर्फबाट न्यानो स्वागत व्यक्त गर्दछु ।

आज हामी यस सम्मानीत गाउँसभामा बडीकेदार गाउँपालिकाको भोलिको भाग्य र भविष्यको मार्गचित्र कोर्नका लागि यहाँ उपस्थित भएका छौं। नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्येको एक स्थानीय तहको रुपमा रहेको यस बडीकेदार गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष दोस्रो बजेट प्रस्तुत गर्न पाउँदा मैले धेरै गौरवको अनुभूति गरेकी छुँ ।

यस अवसरमा लोकतान्त्रिक इतिहासका विभिन्न कालखण्डहरु मातृभूमीको  रक्षा र लोकतन्त्र स्थापनाका लागि बलादानीपूर्ण संघर्ष गर्ने महान शहीदहरुलाइ सम्झन चाहन्छु ।

अवको प्राथमिकता संविधानले परिकल्पना गरेको सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्द्रित हुनु पर्ने भएकाले हाम्रो लडाई सामाजिक न्याय सहितको समृद्धि आर्जनका

लागि अविकास, गरिवी र पछौटेपन विरुद्ध केन्द्रित हुनु पर्ने जरुरी ठानेकी छु ।

अव हामीलाई कुनै पनि बहानामा आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, अनियमितता नियन्त्रण, सुशासन प्रवर्दनमा विलम्ब गर्ने सुविधा छैन । **त्यसैले "समृद्ध बडीकेदारः पर्यटन, कृषि र पूर्वाधार"** भन्ने मूल मान्यतालाई आत्मसाथ गरेर यो बजेट तर्जुमा गरेकी छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

हामी संघीयताको अभ्यासको प्रारम्भिककालमा रहेकाले यसमा अनेकन चुनौतीहरू रहेका छन् ।यस क्षेत्रमा रहेको भौतिक पूर्वाधारहरुको कमजोर अवस्था, राजश्वको न्यून संकलन तथा खर्चको अनुत्पादक दोहन हाम्रा प्रमुख चुनौतिहरु हुन् । आत्मनिर्भरयुक्त रोजगारी प्रणालीमा अभ्यस्त हुन नसक्नू, कमजोर पुँजी तथा प्रविधिको न्युन उपलब्धता, स्थानीय स्रोत साधनको कुशल परिचालन हुन नसक्नु र अनुत्पादक जीवनशैली यहाँको गरिवी तथा पछौटेपनका प्रमूख चुनौतिहरू हुन् ।

यद्यपि संघीयताको यो नविन अभ्यासले हामीलाई धेरै अवसरहरू पनि दिएको छ । चुनौति र समस्याहरू पहिचान गरी समाधानको उपाय खोज्ने जिम्मेवारी अब हाम्रै काँध माथि रहेको छ । अब चुनौति र समस्याहरुको समाधान गर्नुको विकल्प छैन । अर्थपुर्ण खोज, विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस गाउँपालिकाको समृद्धि हाम्रै पालामा सम्भव रहेको छ । चुनौति र

अवसरकाबीच नै समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्नु नै हाम्रो विशेष प्राथमिकता हो ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्र, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता हाम्रा महत्वपूर्ण उपलब्धिहरु संस्थागत हुँदै गइरहेका छन्। संविधानले अंगिकार गरेको तीन तहको शासकीय व्यवस्थाले सिहंदरवारको अधिकार गाउँ गाउँमा स्थापित हुने क्रममा छ ।

२०७४ साल असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनबाट यस बडीकेदार गाउँपालिकामा समेत स्थानीय सरकार स्थापित भएको अवस्था छ । यो सरकारले लगभग एक वर्षको कार्यकाल पुरा गरी सकेको छ। गत वर्ष आवश्यक नीति नियम एवम् कानूनहरूको र अत्यावश्यक कर्मचारीहरुको अभावका साथै अन्य स्रोत साधनको न्युनताका बीच पनि यस गाउँपालिकाले आफ्ना गतिविधिहरु सफलतापूर्वक सञ्चालन गर्‍यो । यसलाई मैले यस बडीकेदार गाउँपालिकाको उपलब्धिको रुपमा लिएकी छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

यो बजेट तथा कार्यक्रमहरुको तर्जुमाको क्रममा हामीले निश्चित प्रक्रियाहरू पुरा गरेका छौं । पहिले वडा समितिले बस्ती भित्रका महिला,दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, पिछडीएको वर्ग लगायत सबै वर्ग र समुदायहरूको अर्थपूर्ण सहभागितामा योजनाहरू

छनौट गरेको थियो । वडा समितिले छनौट गरेका योजनाहरूलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा छनौट र प्राथमिकता निर्धारण गरी बडा भेलाबाट अनुमोदन गराएर गाउँपालिकालाई उपलब्ध गराएको थियो । यसैको आधारमा नै योजनाहरू छनौट हुनुका साथै बजेटको बाँडफाँड भएका छन् । साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू, स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू र नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरूका साथै संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरू आदिलाई आधारको रुपमा लिएकी छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले आर्थिक विकास र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी

बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा गरी परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरण संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुर्‍याउने र भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने विषयहरूलाई प्राथमिकता दिएको व्यहोरा यस सम्मानित गाउँसभालाई अवगत गराउन चाहान्छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

समग्रमा आ.ब. ०७५/०७६ को बजेट तथा कार्यक्रम **"समृद्ध बडीकेदारः पर्यटन, कृषि र पूर्वाधार"** भन्ने सोचका साथ तर्जुमा गरिएको छ भने यसले यस गाउँपालिकाको सामाजिक, आर्थिक सुचकाङ्क उच्चतम तुल्याउँदै यस गाउँपालिकालाई समृद्ध गाउँपालिकामा स्तरोन्नती गर्ने लक्ष्य लिएको छ । यस बजेटको उदेश्यहरू निम्न बमोजिम रहेको व्यहोरा म यस सभालाई अवगत गराउन चाहन्छु ।

क. आर्थिक क्रियाकलापको विकास र विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा गरिवी घटाउने ।

ख.अवसरको सिर्जना, सक्षमता अभिवृद्धि, सामाजिक संरक्षण गर्ने ।

ग. सवै गाउँपालिकावासीलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउने।

घ. उत्पादकत्व र उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने।

ङ. स्थानीय सरकारको अवधारणालाई मुर्त रुप दिई संघीयताको मर्मलाई आम गाउँपालिकावासीमा प्रत्याभुति गराउने ।

नेपालमा योजनावद्ध विकासको शुरूवात भएको छ दशकभन्दा बढी भइसकेको छ। विगतमा योजनावद्ध विकासको फलस्वरुप विकासका विविध आयामहरूमा सकारात्मक परिवर्तनहरू आएका छन् । नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् गाउँमा आउने अनुदान रकम बृद्धि भएसंगै भौतिक पूर्वाधार विकास, सामाजिक विकास, मानव विकास र दिगो विकाससंग सम्बन्धित कार्यक्रमहरू स्थानीय स्तरबाटै सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०७४/७५ मा यस गाउँपालिकाले आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा धेरै कार्यहरूको थालनी गरेका थियो। यी मध्ये धेरैजसो ठूला साना भौतिक पूर्वाधारजन्य विकासका कामहरू, प्रवर्द्धनात्मक कार्यक्रमहरू, तालिम तथा क्षमता विकासका कामहरू सम्पन्न भएका छन् ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७५/७६ को लागि यस गाउँपालिकामा विभिन्न स्रोतहरूबाट प्राप्त हुने गरी जम्मा रू.२९ करोड ४ लाख ९४ हजार बजेट बिनियोजन गरेकी छु ।कुल बिनियोजित बजेट मध्ये चालु शिर्षकमा रु. १५ करोड ९ लाख ८४ हजार अर्थात् ५१.९७५ प्रतिशत र पूजिंगत शिर्षकमा रु १३ करोड ९५ लाख १० हजार अर्थात ४८.०२५ प्रतिशत रहेको छ ।बिनियोजित बजेटको स्रोत विश्लेषण गर्दा संघीय सरकारबाट २३ करोड ७२ लाख ९४ हजार , प्रदेश सरकारबाट रु. १ करोड ७८ लाख ३० हजार र बहुक्षेत्रिय पोषण कार्यक्रममा रु. १३ लाख ५० हजार, गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानी रु. ९० लाख २० हजार र आ. ब. ०७४/०७५ को बिनियोजित बजेटबाट खर्च हुन नसकि अ.ल्या. गरिएको अनुमानित रकम रु. २ करोड ५० लाख रहेको छ ।

यसैगरी संघीय सरकार बाट प्राप्त हुने गरी आशा गरिएको समपूरक बजेट रु २ करोड रहेको छ । यस रकमलाइ गाउँपालिकाको कुल बजेटमा समाबेश गरिएको छैन । संघीय सरकार बाट प्राप्त हुने समपूरक बाहेकको रकम रु २३ करोड ७२ लाख ९४ हजार मध्ये रु. १० करोड ५७ लाख रुपैया शसर्त कार्यक्रमको संचालनका लागि प्राप्त भएको छ भने राजश्व बाँडफाँडमा रु. ६ करोड २८ लाख ९४ हजार र बित्तिय समानीकरणमा रु. ६ करोड ८७ लाख रुपैया रहेको छ ।प्रदेश सरकारबाट प्राप्त हुने रु.१ करोड ७८ लाख ७३ हजार मध्ये वित्तिय समानीकरण शिर्षकमा रु.६७ लाख ७३ हजार, राजश्व बाँडफाड १० लाख ५७ हजार,

बिशेष अनुदान रु ७० लाख र समपूरक अनुदानमा रु ३० लाख रुपैया रहेको छ ।            ,

कुल विनियोजित रकम मध्ये रू. २ करोड ५३ लाख ५४ हजार वडा कार्यालयबाट तर्जुमा गरिएका चालु तथा पुजिंगत योजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी बिनियोजित गरेकी छु । जसमध्ये चालु तर्फ ५ वटै वडाहरुमा खर्च हुने गरी रु. २८ लाख ५४ हजार रहेको छ भने पुजींगत तर्फ प्रत्येक वडा कार्यालयहरलाइ समानुपातिक रुपमा रु. ४५ लाखका दरले जम्मा २ करोड २५ लाख रुपैया बिनियोजित गरेकी छु ।

**सम्मानित गाउँ सभाका सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकामा आ.ब. ०७५/०७६ मा बिनियोजित कुल बजेटलाइ क्षेत्रगत आधारमा महत्वपूर्ण योजना सहित बजेट बिनियोजनको संक्षिप्त व्योहोरा पेश गर्ने अनुमति चाहन्छु ।

१. **आर्थिक बिकासः** गाउँपालिकाको समग्र आर्थिक बिकासका लागि रु.९१ लाख ४ हजार अर्थात कुल बजेटको ३.१३३ प्रतिशत रकम बिनियोजन गरेकी छु । आर्थिक बिकासका लागि कृषि क्षेत्रको बिकास अपरिहार्य हुने भएकाले कृषि बिकास तथा पशु सेवाका लागि रु ६१ लाख ४ हजार बजेट बिनियोजित भएको छ । यसैगरी पर्यटन प्रवर्धन लाइ टेवा पुग्ने गरी रु ३० लाख बजेटको ब्यवस्था गरेकी छु । वडा कार्यालयहरुबाट योजना कार्यान्वयन हुने गरी रु २८ लाख

५० हजा रुपैया आर्थिक बिकासका लागि बिनियोजित गरेकी छु ।

२. **सामाजिक बिकासः** गाउँपालिकाको समग्र सामाजिक बिकासका लागि रु. ११ करोड ७३ लाख ७५ हजार रुपैया अर्थात ४०.४०५ प्रतिशत बिनियोजन गरिएको छ । सामाजिक बिकासको मेरुदण्ड शिक्षा नै हो भन्ने विषयमा दुइमत रहन सक्दैन । शिक्षाको समग्र विकासलाइ गाउँपालिकाले उच्च महत्व दिदै रु. ७ करोड ९६ लाख ९१ हजार अर्थात कुल सामाजिक बिकास तर्फ बिनियोजित बजेटको ६७.८९४ बिनियोजन गरेको छ । यसैगरी स्वास्थ्य क्षेत्रको समग्र व्यवस्थापनका लागि रु. १ करोड ८१ लाख ३१ हजार रुपैया बिनियोजन गरिएको छ भने आयुर्वेद चिकित्सा तर्फ ३४ लाख ५ हजार बजेट बिनियोजन गरेकी छु । बडीकेदार गाउँपालिका सास्कृतिक दृष्टिले सुसम्पन्न गाउँपालिका हो । संस्कृति प्रबर्धन लाइ महत्व दिदै यस क्षेत्रमा रु. २४ लाख बजेट बिनियोजन गरेकी छु । महिला शसक्तिकरण, बालबालिका संरक्षण तथा लक्षित बर्ग उत्थानका लागि रु. १२ लाख ६५ हजार रुपैया बिनियोजन गरेकी छु । लक्षित वर्गको सर्वागिण बिकासका लागि यस गाउँपालिकाबाट तर्जुमा गरिने योजना तथा बिकास क्रियाकलापलाइ लक्षित बर्गहरु प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयन गर्न नीतिगत व्यवस्था गर्ने गरी यो बजेट तर्जुमा गरेकी छु ।खानेपानी तथा सरसफाइ लाइ नागरिकको आर्थिक तथा सामाजिक बिकासको पूबशर्तका रुपमा अगिंकार

बडीकेदार गाउँपालिका

गरी यस गाउँपालिकाले खानेपानी तथा सरसफाइ शिर्षकमा रु १ करोड २४ लाख ८३ हजार रुपैया बिनियोजन गरेको छ । खानेपानी तथा सरसफाइजन्य योजना तथा कार्यक्रम संचालन गर्दा लक्षित वर्गसम्म बिनियोजित बजेटको उच्चतम प्रतिफल पुग्ने गरी आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाका साथ लक्षित वर्गको समग्र बिकासलाइ मध्यनजर गरी गाउँपालिकाले यो बजेट तर्जुमा गरेको छ ।

**सम्मानित गाउँ सभाका सभाध्यक्ष महोदय,**

३. **पूर्वाधार बिकासः** पुर्वाधार बिकास बिना आर्थिक सामाजिक बिकासको परिकल्पना समेत गर्न सकिदैन । आ.ब. ०७५/०७६ को बजेटमा पूर्वाधार बिकासलाइ यस बडीकेदार गाउँपालिकाले उच्च प्राथमिकताको क्षेत्रमा राखी रु. ९ करोड ८३ लाख ४० हजार अर्थात ३३.८५२ प्रतिशत बजेट बिनियोजन गरेको छ ।यसै बर्ष गाउँपालिकाको मूल प्रशासनिक भवन निर्माणका लागि रु. २ करोड र वडा कार्यालय भवन बनाउनका लागि गाउँपालिकाबाट रु ४० लाख बिनियोजन गरी संघीय समपूरक कोषबाट रु. ६० लाख प्राप्त हुने आशाका साथ जम्मा १ करोड बिनियोजन गरेकी छु । यस गाउँपालिकाका बजारउन्मूख २ स्थानमा सार्वजनिक शौचालय बनाउन रु १० लाख बिनियोजन गरिएको छ ।गाउँपालिकाका सबै वडा हरुमा झोलुगें पुल बिस्तार गर्न गाउँपालिकाबाट रु. १

बडीकेदार गाउँपालिका

करोड बिनियोजन गरी नपुग रकम संघीय सरकार संग माग गर्ने गरी व्यवस्था गरेकी छु ।यस गाउँपालिकालाइ उज्यालो गाउँपालिकाका रुपमा बिकास गरी हरित उर्जा प्रवर्धन समेत गर्न रु ५२ लाख ६५ हजार बिनियोजन गरेकी छु । गाउँपालिकाको मूल प्रशासनिक भवन रहने स्थान निर भूमिगत खानेपानी योजना निर्माण गरी गाउँपालिकाबासीलाइ समेत सहज खानेपानी उपलब्ध गराउने योजना अनुरुप भूमिगत खानेपानी योजना संचालन गर्न रु ५० लाख बिनियोजन गरेकी छु ।यस गाउँपालिकामा संचार विशेष गरी रेडीयोको प्रशारण गुणस्तरीय नसुनिने जनगुनासोलाइ सम्वोधन समेत हुने गरी गाउँपालिकाको प्रत्यक्ष लगानी र स्वामित्व रहने गरी रेडीयो बडीकेदार स्थापना गर्न रु १५ लाख बिनियोजन गरेकी छु ।गाउँपालिकाका निर्माणाधिन रणनैतिक महत्वका सबै सडकहरुको निर्माण,स्तरोन्नती तथा मर्मत गर्नका लागि रु. ५ करोड १० लाख ७५ हजार बिनियोजन गरेकी छु ।

४.**बन, बातावरण तथा विपद व्यवस्थापनः** वातावरण संरक्षण बिना दिगो बिकासको परिकल्पना समेत गर्न सकिदैन । हरियो बन नेपालको धन भन्ने उक्तिलाइ आत्मसाथ गर्दै बन तथा वातावरण संरक्षणमा गाउँपालिका सदा प्रयत्नशिल छ । आ.ब. ०७५/०७६ मा बन, वातावरण तथा विपद व्यवस्थापनका लागि रु १५ लाख ५० हजार अर्थात कुल बजेटको ०.५३३ प्रतिशत बजेट बिनियोजन गरेकी छु ।भूकम्प, बाढी पहिरो, आगलागी, चट्याङ्ग आदि जस्ता

प्राकृतिक विपद् बाट पीडित नागरिकहरुलाइ बिपद पुनःलाभ दिन, विपद्को पूर्व तयारीका क्रियाकलाप संचालन गर्न तथा विपद् प्रतिकार्य संग जुध्न यस गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष खडा गर्नका लागि रु १० लाख बिनियोजित गरेकी छु ।

**सम्मानित गाउँ सभाका अध्यक्ष महोदय,**

**५.सुशासन तथा संस्थागत बिकासः** सुशासन अर्थात असल शासन स्थानीय लोकतन्त्र प्रवर्धन तथा लोककल्याणकारी समाज स्थापनाको मेरुदण्ड हो । सुशासन फगत एक असल शासनको विषय मात्र नभइ यो एक असल संस्कृतिको अभ्यास समेत हो । स्थानीय सरकार शुसासनयुक्त भएमा त्यसले समग्र गाउँपालिकाबासी जनसमुदायलाइ पनि सुशासनयुक्त संस्कारको अभ्यास गर्न प्रेरित गर्दछ । बडीकेदार गाउँपालिकाले सुशासन र प्रभावकारी सेवा प्रवाहलाइ सदा नै उच्च महत्व दिइ आएको विधितै छ । आ. ब. ०७५/०७६ को बजेटमा सुशासन तथा संस्थागत बिकासलाइ प्रभावकारी बनाउन रु ८६ लाख २६ हजार अर्थात २.९६९ प्रतिशत  बजेट बिनियोजन गरेको छ ।आ.ब. ०७५/०७६ मा यस गाउँपालिकामा प्रहरी चौकी स्थापना गर्न रु. २० लाख बजेट गाउँपालिबाट बिनियोजित गरी बाकी बजेट संघीय सरकारसंग माग गर्ने गरी व्यवस्था मिलाएकी छु । गाउँपालिकामा एक थान चार पाग्रें सवारी

बडीकेदार गाउँपालिका

साधन खरिदको लागि रु ५० लाख विनियोजन गरेकी छु ।न्यायिक समिति तथा स्थानीय मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्दि तथा कार्यालय व्यवस्थापनका लागि रु. ५ लाख विनियोजन गरेकी छु । यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाइ उत्प्रेरित बनाइराख्न प्रत्येक वर्ष उत्कृषठ कर्मचारीलाइ पुरस्कृत गर्न रु. ५० हजार बिनियोजन गरेकी छु । यसैगरी कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि सीपविकास, जनचेतना, तालिम तथा गोष्ठीहरुको आयोजनाका लागि रु २० लाख बजेट व्यवस्था गरेकी छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

यस गाउँपालिकालाई प्राप्त सिमित स्रोतहरूबाट बस्तीस्तर हुँदै वडाहरूबाट गाउँपालिकामा आएका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन र वातावरण तथा विपत व्यवस्थापनसंग सम्बन्धित आयोजनाहरूलाई संबोधन गर्न नसकिएको सन्दर्भमा यी आयोजनाहरूलाई क्रमशः अर्को वर्षमा समावेश गरिनुका साथै गौरवशाली योजनाहरूका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष माग गरिने छ ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो गाउँपालिका भोक, रोग, गरिवी,

पछौटेपन र आर्थिक समाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास सफल पार्नका लागि सम्पुर्ण गाउँपालिकावासीहरु एउटै मञ्चमा आबद्ध हुनुपर्ने अवस्था आएको छ। लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजबाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अव सामाजिक आर्थिक क्षेत्रमा फड्को मार्नै पर्ने बेला छ ।

यो बजेट कार्यान्वयनले गाउँपालिकामा न्यायपूर्ण सामाजिक विकास संगै समृद्धिको नयाँ ढोका खोल्नेछ । यस बजेटले स्थानीय स्तरमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध गाउँपालिका निर्माणका लागि आधार तय गर्ने विषयमा गाउँपालिका आशावादी छ ।

स्थानीय सरकार बन्दै गर्दा गाउपालिकाबासीका आकांक्षा पनि उर्लदा छन्। सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपुर्ण विषय हो । तथापि गाउँपालिकाबासी आम जनसमुदाय, राजनैतिक दलको रचनात्मक सहयोग र सद्भाव भएमा यी चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन् भन्ने कुरामा गाउँपालिका विश्वस्त छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू,

स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी बुद्धिजिवीहरू, गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्ण गाउँपालिकाबासी दाजुभाइ तथा दिदीबहिनीहरु प्रति विशेष धन्यवाद दिन चाहन्छु । **"समृद्ध बडीकेदारः पर्यटन, कृषि र पूर्वाधार"** भन्ने यस गाउँपालिकाको नारालाई सार्थक बनाउन सवै गाउँपालिकाबासीको रचनात्मक सहयोगको आशा गरेकी छु। **श्री केदार बाबाले हामी सवैको रक्षा गरुन ।**

**धन्यवाद ।जयनेपाल ।**

ईन्द्रा बोहोरा भाट
उपाध्यक्ष
बडीकेदार गाउँपालिका

**मितिः २०७५/०३/२६**

बडीकेदार गाउँपालिका